सभा उपाध्यक्षज्यू,
सभा सदस्यज्यूहरु,

नेपालको संविधान जारी भएपछि दोश्रो पटक सम्पन्न स्थानीय तहको निर्वाचनबाट आदरणीय मतदाताहरुको अमूल्य मतबाट विजयी भई कार्य जिम्मेवारी सम्हालेको केही समय भित्रै सम्मानित नगरसभा समक्ष आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ ।

यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरुमा सरिक भई साहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति  भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस बागलुङ नगरपालिकाको विकास र समृद्धिका लागि संस्थापक नगर प्रमुख ऋषिराम शर्मा सहितका अग्रजहरुले गर्नुभएको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । लोकतन्त्र र सामाजिक न्याय प्राप्तिको आन्दोलनमा अगुवाइ गर्नुहुने अग्रजहरुको योगदानको स्मरण गर्दै स्थानीय तहको दोश्रो निर्वाचन २०७९ मार्फत हामीलाई बागलुङ नगरपालिकाको नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण मतदाता नगरवासीहरुप्रति कृतज्ञता व्यक्त गर्दछौ ।

शताब्दीकै विश्वब्यापी महामारीको रुपमा पैदा भएको कोभिड-१९ को सङक्रमणबाट सङक्रमित भई ज्यान गुमाएका सम्पूर्ण आत्माहरुप्रति हार्दिक श्रद्धाञ्जली एव शोकाकूल आफन्तजनहरुप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

स्थानीय तह जनताको सबैभन्दा नजिकको सरकार हो । नेपालको संविधान अनुसार स्थानीय आर्थिक, सामाजिक, पूर्वाधार विकास र नागरिक सेवा प्रवाहमा स्थानीय तहको प्रमुख जिम्मेवारी रहेको छ । संविधानले स्थानीय तहलाई प्रदान गरेको एकल अधिकारसूचिका विषयहरुमा योजना,बजेट तथा कानून निर्माण र त्यसको कार्यान्वयन गर्ने अधिकार दिएको छ ।

बागलुङ नगरपालिकाको आर्थिक वर्ष २०७९।०८० को नीति तथा कार्यक्रम तयार गर्दा नेपाल सरकारको दीर्घकालीन लक्ष्य, पन्ध्रौ योजना, दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण, नेपाल सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट, गण्डकी प्रदेशको आवधिक योजना, नीति तथा कार्यक्रम र वजेट, नेपाल सरकार र प्रदेश सरकारका क्षेत्रगत नीति तथा कार्यक्रम, आम नगरवासीको माग, इच्छा र चाहनालाई मुख्य आधार बनाइएको छ ।

स्थानीय तहको योजना तथा बजेट तर्जुमाका विभिन्न चरणहरुमा टोलस्तरका आम नागरिक, सम्वन्धित संघीय र प्रदेश कार्यालयहरु, गैर सरकारी संघ संस्थाहरु, सहकारी तथा सामाजिक संघ संस्थाहरु, नागरिक समाज, बालबालिका, जेष्ठ नागरिक, महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसङख्यक लगायत लक्षित समुदायका प्रतिनिधिहरु, राजनीतिक दल, निवर्तमान जनप्रतिनिधिहरु, सञ्चारकर्मी एवं आम नगरवासीहरुबाट समेत प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सुझाव सङकलन गरिएको छ ।

यस नीति तथा कार्यक्रममा लोकतान्त्रिक मुल्य मान्यता, मानवअधिकार, सुशासन, सामाजिक न्याय र सामाजिक संरक्षण, संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रको सीमा र सम्बन्धका सिद्दान्तहरुलाई आत्मसात गरिएको छ ।

स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित नगर प्रमुखको हैसियतले पहिलो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा हाम्रै पुस्ताले प्रत्येक नगरवासीको ग्रामीण क्षेत्रमा वातावरणमैत्री शान्त एवं सुन्दर आवास, सहरी एवं व्यवसायिक क्षेत्रमा उद्यम, व्यक्तिपिच्छे वातावरणमैत्री सवारी साधन, स्मार्ट जीवनशैली, भूमिगत सडक तथा रेलमार्ग, द्रुत यातायात, चिल्ला सडक, केवलकार जस्ता अत्याधुनिक पूर्वाधार, नवीनतम सूचना प्रविधिमा सबै नागरिकहरुको पहुँच सहितको सुन्दर, समृद्ध, सुखी र खुसी बागलुङ नगरको परिकल्पना गरेको छु ।

यस नगरपालिकावाट विगतमा लिइएका महत्वपूर्ण नीति सञ्चालनमा रहेका गौरवका योजना र कार्यक्रमलाई  निरन्तरता दिइएको छ ।

दिगो भौतिक पूर्वाधार निर्माण, पर्यटन पूर्वाधारको विकास, वातावरण संरक्षण, नगरवासीको आर्थिक, सामाजिक, साँस्कृतिक उन्नति, सुशासन र संस्थागत विकासलाई मुख्य प्राथमिकता दिई नगरले आगामी आर्थिक वर्षमा लिने क्षेत्रगत नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

कृषि तथा पशुपालन

१) ***कृषिलाई उद्यम, कृषकलाई उद्यमी*** भन्ने अभियानकासाथ नगर क्षेत्रभित्रको परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण, विविधीकरण र यान्त्रिकीकरण गर्न सहयोग गरिनेछ ।

२) कृषि तथा पशुपालन पकेट क्षेत्र कार्यक्रमलाई अनुसन्धान र सम्भावनाको आधारमा विस्तार गरिनेछ ।

३) कृषकहरुको सुविधाको लागि हरेक वडामा घुम्ती माटो परीक्षण शिविर सञ्चालन गरिनेछ ।

४) सामूहिक वा सहकारी खेतीलाई प्रवर्धन गरिनेछ । जमिन चक्लाबन्दी गरी समुह वा सहकारीमा आबद्ध भई व्यवसायिक कृषि तथा पशुपालक व्यवसाय गर्न चाहने कृषक समुह वा सहकारीलाई आवश्यक तालिम, विउपुँजी, प्रविधि हस्तान्तरण र बजारीकरणमा सहयोग गरिनेछ ।

५) कृषि व्यावसायलाई प्रवर्धन गर्न नगरपालिकाको ५० प्रतिशत अनुदान एवं कृषि समुह र सहकारीको ५० प्रतिशत लागत साझेदारीमा किसानले प्रयोग गर्ने मल, विउ लगायतका कृषि सामग्री र कृषकका उत्पादन ढुवानीलाई सहज बनाउन **बागलुङ नगर कृषि गाडी** सञ्चालनमा ल्याईनेछ ।

६) स्थानीय कृषि उत्पादनको बजारीकरणलाई सहयोग पुऱ्याउन उपयुक्त स्थानमा आधुनिक कृषि बजार स्थापना गरिनेछ । बागलुङ नगरपालिका वडा नं ३ स्थित कृषि हाट वजारको व्यवस्थापन गरी सञ्चालनमा ल्याइनेछ ।

७) नगरपालिका क्षेत्रभित्रको कृषि तथ्याङ्क सङकलन गरिनेछ । किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

८) जैविक खेती प्रणालीलाई प्रवर्धन गर्न प्रत्येक पकेट क्षेत्रमा आई.पि.एम. पाठशाला सञ्चालन गरिनेछ । जैविक कृषि उत्पादनको प्रमाणीकरण र बजारीकरण गर्न सहयोग गरिनेछ । हाल सम्म रासायनिक मल तथा विषादी प्रयोग नभएका कृषि क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रलाई अर्गानिक कृषि क्षेत्रको रुपमा विकास गर्ने विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

९) कृषि उत्पादनको अधिक सम्भावना रहेका वडा नं ३ देखि १४ मा प्रतिवडा २/२ जनाका दरले अगुवा कृषक छनौट गरी उनीहरुलाई कृषि ज्ञान, सीप, प्रविधिमा दक्ष बनाई **नगर कृषक अभियन्ता**को रुपमा परिचालन गरिनेछ ।

१०) बागलुङ नगरपालिकाको मुख्य बजार क्षेत्र रहेको वडा न. १,२,३ र ४ मा कौसी खेतीलाई प्रवर्धन गरिनेछ । यसका लागि आवश्यक तालिम, प्रविधि र विउबिजन उपलव्ध गराइनेछ ।

११) बागलुङ नगरका सवै कृषियोग्य जमिनमा क्रमशः सिँचाइ सुविधा पुऱ्याइनेछ । सिँचाई सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा कृषि पकेट क्षेत्रलाई प्राथमिकता दिइनेछ । सिँचाइको स्रोत अभाव भएको स्थानमा क्रमशः थोपा सिँचाइ, प्लास्टिक पोखरी र लिफ्टिङ प्रविधिमा आधारित सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

१२) कृषि उत्पादन वृद्धि र कृषि क्षेत्रमा रोजगारी सिर्जनामा उल्लेख्य योगदान पुऱ्याउने उत्कृष्ट कृषक तथा कृषक समूह छनौट गरी पुरस्कृत एवं सम्मान गरिनेछ ।

१३) ताजा तथा बेमौसमी खेती, मसला बाली, रैथाने बालीलाई प्रोत्साहन गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा सरोकारवालाहरुसंगको साझेदारीमा विउ गोदामघर स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१४) सामुदायिक वन विकास कार्यक्रमलाई उत्पादन र रोजगारीसंग जोड्न सहयोग र प्रोत्साहन गरिनेछ । कृषि बालीमा हानी पुऱ्याउने बाँदर लगायतका जीवजन्तुलाई प्राकृतिक रुपमा नियन्त्रण गर्न **फुड फरेष्ट** कार्यक्रम सञ्चालन गरिनेछ । बाँदर प्रभावित क्षेत्रहरुमा टिमुर, ओखर, कागती, अदुवा, बेसार, केरा खेती, मौरीपालन र पशुपालनलाई प्रवर्द्धन गरिनेछ ।

१५) व्यवसायिक कृषकहरुलाई परियोजना धितोमा वैंक तथा वित्तीय संस्थासंग समन्वय गरी सहुलियतपूर्ण कृषिकर्जा उपलव्ध गराउन पहल गरिनेछ ।

१६) पशुवस्तुमा कृत्रिम गर्भाधान सेवालाई वडातहसम्म विस्तार गरिनेछ । सामूहिक पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ ।

१७) दुग्ध सहकारी संघको साझेदारीमा दुग्ध पदार्थको व्यवसायिक उत्पादनमा सहयोग गरिनेछ ।

१८) व्यवसायिक पशुपालनका लागि उन्नत पशु आहार, काउम्याट, दुध दुहुने मेशिन , क्यान जस्ता प्रविधि र उपकरणमा अनुदान प्रदान गरिनेछ ।

१९) कुखुरा, कालिज, बाखा, पाडापाडी, बंगुर, माछाको व्यवसायिक उत्पादन र बजारीकरणमा सहयोग गरिनेछ ।

२०) सम्बन्धित निकायहरुसंगको समन्वय र साझेदारीमा सामुदायिक कुकुरहरुको बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ । रेविज जोखिम न्युनीकरणका लागि घरपालुवा तथा सामुदायिक कुकुरहरुलाई रेविज विरुद्धको खोप लगाईनेछ ।

२१) कृषकहरुलाई कृषि बाली तथा पशुधनको विमा गर्न प्रोत्साहन गरिनेछ । कृषकले गरेको कृषि तथा पशु बिमाको प्रिमियिमको ५० प्रतिशत रकम अनुदान दिइने नीति लिइनेछ ।

२२) **दुध, अण्डा, मासु र तरकारी, आत्मनिर्भर बागलुङ नगरी** भन्ने नारालाई आत्मसात् गर्दै व्यवसायिक पशुपालन र मौसमी तथा बेमौसमी तरकारी खेती प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

२३) कृषि उत्पादनको प्रोत्साहन गर्न, कृषि व्यवसायमा सहकार्य एवम् साझेदारी जुटाउन र कृषक, उपभोक्ता मिलन गराउन **बागलुङ कृषि मेला** आयोजना गरिनेछ ।

२४) ***जग्गाधनी र कृषकलाई जोडौं, जमिन बाँझो नछोडौं*** भन्ने अभियानका साथ जग्गाधनी र कृषक बीच समन्वय गराई नगर क्षेत्रभित्रका सबै बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ ।

२५) खेतीको सिजन अनुसार कृषकहरुलाई आवश्यक रासायनिक मल, उन्नत एवम् प्रमाणित विउबिजन र कृषि प्रविधि सहज र सुलभ आपूर्तिको लागि सहजीकरण गरिनेछ ।

२६) वडा नं ८ को सिगाना लगायतका सुन्तला खेतीको सम्भावना रहेका क्षेत्रहरुलाई सुन्तलाको विशेष पकेट क्षेत्रको रुपमा विकास गरिनेछ । क्षेत्रगत सम्भाव्यताका आधारमा कागती, किवि, लिची, आँप, केरा एभोकाडो, ड्रागन फ्रुट्स, चिया, कफी, अलैंची, ओखर र पुष्प खेतीलाई प्रोत्साहन गरिनेछ ।

२७) नगरपालिका क्षेत्रभित्रको उपयुक्त स्थानमा कृषि उपज प्रशोधन केन्द्र तथा शीतभण्डार निर्माण गरिनेछ ।

२८) व्यवसायिक एवं नमुना कृषि फर्म सञ्चालनमा प्रोत्साहन गरी स्थानीय कृषि उत्पादनमा सहयोग गरिने छ ।

**सहकारी**

२९) सहकारी संस्थाहरुको प्रवर्धन र नियमन गरिनेछ । नगरपालिका, जिल्ला सहकारी संघ, विषयगत सहकारी संघ र प्रारम्भिक सहकारी संस्था समेतको लागत साझेदारीमा सहकारी सचेतना, सहकारी व्यवस्थापन, सहकारी लेखा, सहकारी प्रविधि जस्ता विषयहरुको तालिम सञ्चालन गरिनेछ ।

३०) सबै सहकारी संस्थाहरुलाई कोपोमिसमा आबद्ध गरिनेछ ।

३१) समान उद्देश्य भएका सहकारी संस्था एकीकरण गर्न प्रोत्साहन गरिनेछ । निष्क्रिय सहकारी संस्थाको दर्ता खारेजी तथा खारेज गरिएका सहकारी संस्थाहरुको लिक्युडेसन कार्य अघि बढाइनेछ

३२) गैर सदस्य कारोवार, एउटै विषयका बहुसंस्था सदस्यता, कार्यक्षेत्र बाहिरको कारोवार लगायतका सहकारीको वित्तीय सुशासन प्रतिकूल कार्यलाई कडाइकासाथ नियमन गरिनेछ ।

३३) सहकारी संस्था अनुगमन र नियमनमा जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरुलाई जिम्मेवार बनाइनेछ । नगरपालिका र सहकारी संघ संस्थासंग निरन्तर सम्पर्क, सहयोग र साझेदारीको लागि संयन्त्र निर्माण गरिने छ । सहकारी संस्था, सहकारी संघ र वित्तीय संघ संस्थासंगको साझेदारीमा प्रत्येक वडामा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

३४) सहकारी संस्थाहरुलाई उत्पादन केन्द्रित गराई व्यवसायिक विशिष्टीकरण गर्न **एक सहकारी, एक उत्पादन** कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । प्रारम्भिक सहकारी संस्थालाई उत्पादन केन्द्रित र विषयगत संघहरुलाई मूल्य अभिवृद्धि केन्द्रित गरिनेछ ।

३५) फोहोरको वैज्ञानिक व्यवस्थापन, विपद् व्यवस्थापन, सामाजिक सचेतना, समुदाय परिचालन, लघुवित्त परिचालन, उत्पादन वृद्धि जस्ता क्षेत्रमा सहकारी संस्थाहरुलाई मुख्य भूमिका सहित साझेदारी गराइनेछ ।

**पर्यटन तथा संस्कृति**

३६) अन्तरपालिका समन्वयमा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाका मुख्य मुख्य धार्मिक एवम् पर्यटकीय क्षेत्रहरुलाई जोड्ने गरी बृहत् **कृष्णगण्डकी सभ्यता पर्यटन विकास गुरुयोजना** तयार गर्न पहल गरिनेछ ।

३७) **बागलुङ पर्यटन विकास समिति** गठन गरी बागलुङ नगरपालिकालाई धार्मिक पर्यटन र पर्यापर्यटन क्षेत्रको रुपमा विकास गरिनेछ । प्रसिद्ध बागलुङ कालिका, भैरवस्थान, शालिग्राम सङग्रालय, पन्चकोट,मालिका, रायरायकोट, संसारकोट, सिगाना कोटघर, निरयघाट, गौरीधाम, लक्ष्मीनारायण मन्दिर, शान्तिविहार बौद्धगुम्वा र योगिनी भगवती मन्दिर लगायतका धार्मिक स्थलहरुलाई धार्मिक पर्यटनको मुख्य गन्तव्यको रुपमा विकास एवं प्रचारप्रसार गरी पर्यटन प्रवर्धन गर्न **नगर उप प्रमुख पर्यटन विकास** विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाको कुँडुले क्षेत्रको तोरीवारी, सिगाना क्षेत्रको सुन्तला, पंचकोट, भकुण्डे, मुलावारी र रायडाँडा लगायतका क्षेत्रको गुराँसलाई लक्षित गरी मौसमी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ । गण्डकी गोल्डेन व्रिज, भकुण्डे भ्यूटावर, वराह ताल, बौडेचौर, संसारकोट लगायतका क्षेत्रमा थप पर्यटन पूर्वाधार विकास गरिनेछ ।

३८) नगरका सबै पर्यटकीय गन्तव्यहरुलाई निश्चित आधारमा पर्यटन गन्तव्य नम्बर (Tourism Destination Code) प्रदान गरी व्यापक प्रचारप्रसार गरिनेछ । पर्यटकीय क्षेत्रको विशेषता सहितको सूचना मूलक वृत्तचित्र एवंम् ब्रोसर तयार गरी व्यापक प्रचारप्रसार गरिनेछ ।

३९) सरोकारवाला निकायसंग समन्वय गरी बागलुङ नगर क्षेत्रभित्रका होटल व्यवसायलाई मर्यादित एवं पर्यटकमैत्री बनाउन पहल गरिनेछ । 'एक वार्ड, एक छाक, एकरात' भन्ने अभियान सहित नगरपालिकाका सबै वडाहरुमा पर्यटकीय पूर्वाधार र हार्दिकतापूर्ण आतिथ्यता संस्कार विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गरिनेछ ।

४०) होमस्टे सञ्चालनको सम्भावना देखिएका मूलाबारी, भकुण्डे, बौडेचौर, नेपाने, नमुना गाउँ र पञ्चकोट लगायतका क्षेत्रमा होमस्टे व्यवसायलाई प्रवर्धन गरिनेछ । स्थानीयस्तरमा परम्परागत प्रविधिबाट उत्पादन गरिँदै आएको मदिरालाई स्वास्थ्य मापदण्ड पूरा गरी गुणस्तरीय उत्पादन, ब्राण्डिङ्ग र बजारीकरण गर्न सहयोग गरिनेछ ।

४१) बलेवा विमानस्थल र पैयुपाटाको पहरे क्षेत्रलाई साहसिक उडान क्षेत्रको रुपमा प्रयोग गर्न पहल गरिनेछ । बागलुङ नगर क्षेत्रका सहिदहरुको सम्झनामा विभिन्न स्थानमा सहिद पार्क, पदमार्ग

लगायतका सामुदायिक पूर्वाधार निर्माण गरिनेछ । सहिद, घाइते, बेपत्ता नागरिकका परिवारलाई सीपमुलक तालिम, रोजगार तथा आयआर्जनका कार्यक्रमहरुमा प्राथमिकताका साथ सहभागी हुने अवसर प्रदान गरिनेछ ।

४२) नगरक्षेत्रको पर्यटन प्रोफाइल निर्माण गरिनेछ । नगरपालिकाको उपयुक्त स्थानमा पर्यटन सूचना केन्द्र स्थापना गरिनुका साथै नगरका स्थानीय उत्पादन, हस्तकलामा आधारित सामग्रीहरुको राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचारप्रसार गरी बजारीकरणमा सहयोग गर्न कोशेली घर स्थापना गरिनेछ ।

४३) बागलुङ नगरपालिका क्षेत्रमा पौराणिक कालदेखि चलिआएको भजनकिर्तन, हनुमान नाच, लाखे नाच, झाम्रे, सोरठी नाच, रोपाइ नाच, जोगी नाच लगायतका परम्परागत नाच, साहित्य, संङ्गीत, संस्कृति र सम्पदाहरुको संरक्षण र संवर्द्धन गरिनेछ । नगरक्षेत्र भित्र रहनु भएका कलाकार, साहित्यकार र स्रष्टाहरुको विवरण सङकलन गरी अभिलेख राखिनेछ । उत्कृष्ट कलाकार, साहित्यकार र स्रष्टाहरुलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

४४) उद्योग व्यवसायको विकास र प्रवर्धनमा निजी क्षेत्रका व्यवसायिक संघ संस्थाहरुसंगको साझेदारी र सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । खेलकुद रङगशाला, सार्वजनिक शौचालय, बसपार्क, पशुवधशाला, भूमिगत ढल व्यवस्थापन, कृषि बजार व्यवस्थापन, पार्क व्यवस्थापन, फोहोर व्यवस्थापन, स्वास्थ्य, शिक्षा, कोल्ड स्टोर निर्माण जस्ता पूर्वाधार निर्माण एवं सञ्चालनका क्षेत्रमा सार्वजनिक निजी साझेदारी (पि.पि.पि.) अवधारणाको अभ्यास गरिनेछ । नगर क्षेत्रभित्र ठूला उद्योग, कलकारखाना, पर्यटन, कृषि उद्योग तथा ठूला पूर्वाधार निर्माण लगायतका नगरको समृद्धि र विकासका लागि लगानी जुटाउन **बागलुङ लगानी सम्मेल**न आयोजना गरिनेछ । तित्याङमा रहेको तामाखानी लगायत अन्य महत्वपूर्ण खानी सञ्चालनका लागि सम्बन्धित निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

**<u>उद्यमशीलता विकास तथा स्वरोजगारी</u>**

४५) स्वदेशमा उद्यम तथा स्वरोजगार गर्न चाहने युवायुवतीहरुले समूह वा सहकारीमा आबद्ध भई उद्यम गर्न चाहेमा त्यस्ता समुह वा सहकारी एवम् अति विपन्न नागरिक तथा लक्षित समुदायका व्यक्तिहरुलाई परियोजना प्रस्तावको आधारमा सीप तथा तालिम, विउपुंजी, प्रविधि, सहुलियतपूर्ण कर्जा र बजारीकरणमा सहयोग गरी उद्यमी सिर्जना गर्न **नगर प्रमुख युवा उद्यमशीलता विकास** कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रम सञ्चालनको लागि उद्यमशिलता विकास कोषको स्थापना र कार्यक्रम सञ्चालन कार्यविधि तयार गरिनेछ ।

४६) स्वेदश तथा विदेशबाट व्यवसाय तथा उद्यममा ज्ञान, सीप र अनुभव हासिल गरेका नगरवासीहरुको तथ्याङ्क सङकलन गरिनेछ । यस्ता व्यक्तिहरुको ज्ञान, सीप, क्षमता स्थानीय समुदायमा हस्तान्तरण गर्न सहजीकरण गरिनेछ । '**आफू जन्मेको माटो र आफु हिंडेको बाटो**' लाई माया गरी मातृभूमि फर्की आफ्नै ठाउँथलोमा उद्यम गर्न चाहने व्यक्तिहरुलाई उद्यमशीलता विकास कोषबाट आवश्यक सहयोग गर्ने व्यवस्था मिलाइनेछ । विदेश जान चाहने युवा

युवतीहरुलाई मागको आधारमा उपयुक्त तालिम प्रदान गरी दक्ष जनशक्तिको रुपमा विकास गरिनेछ ।

४७) नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको सीप, अनुभव र व्यक्तिगत विवरण समेतको अभिलेख रहने गरी नगरपालिकामा **श्रम बैङ्क** स्थापना गरिनेछ । यस्तो श्रम बैङ्कमा आबद्ध श्रमिकहरुलाई नगर क्षेत्रभित्र हुने विकास निर्माण, सडक मर्मत, नाली सरसफाई, विपद् व्यवस्थापन, फोहोर व्यवस्थापन, पर्यटन प्रवर्धन लगायतका क्षेत्रमा रोजगारीको अवसर प्रदान गरिनेछ । श्रम बैङ्कलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आबद्ध गरिनेछ । श्रम बैङ्क सञ्चालनको लागि छुट्टै कार्यविधि तयार गरिनेछ ।

## सामाजिक विकास

### शिक्षा

४८) सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर समान रुपमा अघि बढाउन पछाडि परेका विद्यालयहरुलाई शैक्षिक पूर्वाधार, नवीनतम शैक्षिक सामग्री, सूचना प्रविधि र तालिममा सहयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४९) नगरक्षेत्र भित्र रहेका सबै विद्यालयहरुमा क्रमशः बालमैत्री (सिंगल) डेस्क बेञ्च व्यवस्था गरिनेछ । आविस्कार, खोज तथा नवप्रवर्द्धन र अध्ययन गर्ने बानीलाई प्रोत्साहन गर्न नगर क्षेत्रमा रहेका पुस्तकालयहरुको स्तरोन्नति गरिनुका साथै डिजिटल पुस्तकालय स्थापना गर्न पहल गरिनेछ ।

५०) अति विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि सहयोग गर्न **पदमसिंह विश्वकर्मा छात्रवृत्ति** कोष स्थापना गरिनेछ । गुरुकुल, गुम्वा, विहार, मदरसा, खुल्ला एवम् वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार र संघीय सरकारसंग समन्वय गरिनेछ । नगरभित्रका सामुदायिक धार्मिक विद्यालयहरुको संस्थागत विकास र स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ ।

५१) शिक्षकहरुको कक्षा अवलोकन र उपलब्धि मापन गर्न विज्ञ समुह गठन गरी परिचालन गरिनेछ । विज्ञ समुहको अवलोकनबाट विद्यालय एवम् शिक्षकको सिकाइ उपलब्धिको मापन गरिनेछ । विद्यालयको अनुगमनलाई प्रभावकारी बनाउन वस्तुगत अनुगमन चेकलिष्ट तयार गरी कार्यान्वयन गरिनेछ । अनुगमन प्रतिवेदन र विज्ञ समुहबाट भएको सिकाइ उपलब्धिको मापनको आधारमा उत्कृष्ट विद्यालय र उत्कृष्ट शिक्षक छनौट गरी पुरस्कृत गरिनेछ ।

५२) नगर क्षेत्रको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न सामुदायिक र संस्थागत विद्यालयहरुको असल अभ्यास आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ । सामुदायिक र संस्थागत विद्यालयका सफल सिकाई विधिको पारस्परिक स्थानान्तरण गर्न घुम्ती शिक्षक कार्यक्रम सञ्चालन गरिनेछ । विद्यालयको व्यवस्थापन सुधार र सिकाइ उपलब्धि अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यार्थी समेतको सहभागितामा अन्तर विद्यालय भ्रमण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

५३) विद्यालयको दिवा खाजा व्यवस्थित गर्न एवम् समग्र शैक्षिक गतिविधिको नियमित अनुगमन र सुधारको लागि वडा अध्यक्षको नेतृत्वमा रहेको वडा साक्षरता समितिलाई क्रियाशील गराइनेछ ।

५४) बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको तलबमा नगरपालिकाबाट थप गरिएको रकमलाई निरन्तरता दिइनेछ । बालविकास सहजकर्ताहरुलाई प्रोत्साहन गरी सिकाइ उपलब्धिलाई प्रभाबकारी बनाउन प्रोत्साहनका कार्यक्रम ल्याइनेछ ।

५५) शिक्षण पेशाको पवित्रता, निष्ठा, श्रद्धा र व्यवसायिकतालाई सम्मान गर्ने वातावरण तयार गरी शिक्षण पेशालाई मर्यादित र सम्मानित पेशाको रुपमा स्थापित गरिनेछ । प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका सदस्यहरुको क्षमता अभिबृद्धि गरिनेछ । शिक्षक, विद्यालय कर्मचारी, विद्यार्थी र अभिभावक समेतको आचारसंहिता बनाई कार्यान्वयन गरिनेछ ।

५६) बालमैत्री स्थानीय शासनका सूचक पूरा गर्न आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार निर्माणका लागि आबश्यक कार्यक्रम ल्याइनेछ ।

५७) नगर क्षेत्रको समग्र शैक्षिक व्यवस्थापनलाई नीतिगत समन्वय, विद्यालय व्यवस्थापनका मापदण्ड निर्धारण र अनुगमन तथा मूल्याँङ्कनमा समेत सहयोग गर्न नगरस्तरीय विद्यालय व्यवस्थापन समिति सञ्जाल गठन गरिनेछ ।

५८) नगरका असल अभ्यास र उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा छनौट गरी अगुवा विद्यालयको रुपमा विकास गरिनेछ । प्रधानाध्यापक, नगरस्तरीय विद्यालय व्यवस्थापन समिति सञ्जालको वैठक अगुवा विद्यालयहरुमा पालैपालो वस्ने व्यवस्था मिलाईने छ ।

५९) बालविकास कक्षाहरुका लागि बालमैत्री सिकाइ सामग्रीहरुको व्यवस्थापन गरिनेछ । सबै विद्यालयमा बाल क्लब गठन गरिनेछ । बालबालिकामा देखिएको डिजिटल कुलत हटाउन सचेतनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसायिक, प्राविधिक एव जीवन उपयोगी शिक्षालाई प्रोत्साहन गरिन्छ ।

६०) नगर क्षेत्रभित्रका उपयुक्त विद्यालयहरुलाई नमुना विद्यालय र आवासीय विद्यालयको रुपमा विकास गर्न नेपाल सरकार समक्ष अनुरोध गरिनेछ । धौलागिरी वहुमुखी क्याम्पसलाई प्राज्ञिक तथा अनुसन्धानमूलक शैक्षिक केन्द्रको रुपमा विकास गर्न पहल गरिनेछ ।

६१) गर्भवती महिला शिक्षक विदामा रहँदा सट्टा शिक्षकको रुपमा काम गर्न रोष्टर शिक्षक परिचालन गरिनेछ । सिकाइमा नृत्य, एथलेटिक्स, खेलकुद, योगशिक्षा, आदर, सत्कार, सम्मान, नैतिक गुण, आचरण अभिवृद्धिका लागि सम्बन्धित विषयका विज्ञहरुलाई घुम्ती शिक्षकको रुपमा परिचालन गरिनेछ ।

## युवा तथा खेलकुद

६२) **स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद** भन्ने नारालाई आत्मसात गर्दै विद्यालय तहबाटै विभिन्न विधाको खेलकुदको अभ्यास र व्यवसायिक खेलाडीहरुको उत्पादन गरिनेछ । **एक वडा एक खेल मैदान** निर्माणका लागि पहल गरिनेछ । प्रत्येक विद्यालयमा आवश्यकताको आधारमा खेलकुद सामग्रीहरु उपलव्ध गराईनेछ ।

६३) सम्बन्धित संघ, संस्था र क्लबको साझेदारीमा वडास्तरीय र नगरस्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । खेल क्षेत्रको विकासका लागि नगरस्तरीय खेलकुद विकास समिति गठन गरिनेछ । नगरका उपयुक्त स्थानहरुमा खुल्ला व्यायामशालाको स्थापनामा सहयोग गरिनेछ ।

६४) बागलुङ नगरको खेल क्षेत्रको गौरवको रुपमा खुला नगरस्तरीय **बृहत् बागलुङ कालिका कप** आयोजना गरिनेछ । मेयर कप फुटवल प्रतियोगिता र नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

६५) बागलुङ नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खेल प्रशिक्षक र खेलाडीहरुको विवरण सङकलन गरी अभिलेख राखिने छ । नगर क्षेत्रभित्रका खेलाडीहरुलाई प्रदेश तथा राष्ट्रियस्तरमा भाग लिन प्रोत्साहन गरिनेछ । उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

६६) ***गौरवपूर्ण बागलुङ नगरी, युवा सहभागिता जरुरी*** भन्ने मूल नाराका साथ वडास्तरीय तथा नगरस्तरीय युवा सञ्जाल गठन गरिनेछ । युवा लक्षित कार्यक्रम सञ्चालन र समन्वयका लागि **युवा फोकल पर्सन** तोकिने छ ।

६७) नगरको पूर्वाधार विकास, नेतृत्व विकास, समाजसेवा, फोहोरमैला व्यवस्थापन, विपद व्यवस्थापन, दुर्व्यसनी विरुद्ध सचेतना, योजना अनुगमन जस्ता कार्यमा युवा संजालका प्रतिनिधिलाई सहभागी गराईनेछ ।

**स्वास्थ्य**

६८) धौलागिरी अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा स्तरोन्नति र हरि खड्का ट्रमा सेन्टर स्थापनाका लागि पहल गरिनेछ ।

६९) नगर क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार र उपकरण व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरिनेछ । स्वास्थ्यकर्मीहरुको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७०) **बागलुङ नगरी, स्वास्थ्य संस्थामा डेलिभरी** भन्ने नारा सहित गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी गराइनेछ । स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाहरुलाई सुत्केरी पोषण भत्ता उपलब्ध गराइनेछ । नजिकको स्वास्थ्यकर्मीको रुपमा परिचित महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान र प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७१) नगर क्षेत्रभित्रका दलित, अति विपन्न नागरिकहरुको स्वास्थ्य बिमा गर्न स्वास्थ्य बिमा कोष स्थापना गरिनेछ । नगरपालिकाका वडाहरुमा पहुँच पुग्नेगरी एम्बुलेन्स सेवाको व्यवस्थापन गरिनेछ ।

७२) **जेष्ठ नागरिकको सेवा, स्वास्थ्य उपचारमा टेवा** भन्ने अभियानका साथ प्रत्येक ३/३ महिनामा ६८ वर्ष उमेर नाघेका सबै जेष्ठ नागरिकहरुको घरघरमा गई दीर्घरोग सम्बन्धी स्वास्थ्य परीक्षण गरिनेछ ।

७३) निश्चित कार्यविधि तयार गरी अति विपन्न नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको आपत्कालीन स्वास्थ्य उपचारमा सहयोग गर्न **नगर प्रमुख विपन्न नागरिक स्वास्थ्य सहायता कोष** स्थापना गरिनेछ ।

७४) नगर क्षेत्र भित्रका सबै स्वास्थ्य चौकीहरुमा क्रमशः बर्थिङ्ग सेन्टर, फार्मेसी र प्रयोगशाला स्थापना गरिनेछ ।

७५) खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी पूर्णखोपको दिगोपनालाई निरन्तरता दिइनेछ ।

७६) गाउँघर क्लिनिक र खोप क्लिनिकमा कार्यरत स्वास्थ्यकर्मीलाई प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७७) बा.न.पा १३ पैयुपाटामा निर्माणाधीन १५ शैयाको नगर अस्पताल निर्माण सम्पन्न गरी सञ्चालन गरिनेछ । धौलागिरी अस्पतालमा नगरपालिकाबाट सञ्चालनमा रहेको एम.सि.एच क्लिनिकलाई अझ सुदृढ गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

७८) मातृ विद्यालयमा कार्यरत विद्यालय नर्सलाई मातृ विद्यालय क्षेत्रका अन्य विद्यालयमा सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ । यसरी सेवा प्रदान गर्ने विद्यालय नर्सहरुलाई प्रोत्साहनका कार्यक्रम ल्याइनेछ । विद्यालय नर्सलाई कार्यविवरणमा उल्लिखित काममा मात्र लगाइनेछ ।

७९) नगर क्षेत्र भित्रका वडाहरुमा आवश्यकताको आधारमा महिलाहरुको पाठेघरको क्यान्सर, मुटुरोग, मोतिया विन्दु लगायतका विषयको विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

८०) एच.आई.भी. सङक्रमितहरुको उपचार र एच.आई.भी विरुद्धको सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

८१) लागु औषध दुर्व्यसनी, लैंगिक हिंसा विरुद्ध सचेतनात्मक अभियान सञ्चालन गरिनेछ । लागु औषधको कुलतमा फसेका व्यक्तिहरुलाई सुधार एवं पुनर्स्थापनाको कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

८२) आयुर्वेद सेवालाई प्रभावकारी वनाउन भौतिक पूर्वाधारको विकास र आयुर्वेद स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**सामाजिक विकास तथा समावेशीकरण**

८३) २०७९ साललाई **बालबालिका वर्ष** घोषणा गरी सरोकारवाला निकायहरुसंगको सहयोग र समन्वयमा आगामी आर्थिक वर्ष २०७९।८० भित्र बागलुङ नगरपालिकालाई **बालमैत्री नगरपालिका** घोषणा गरिनेछ ।

८४) बालमैत्री नगर घोषणाको लागि निर्धारण गरिएका ५१ वटा सूचक पूरा गर्न आवश्यक भौतिक पूर्वाधार र कार्यक्रमहरुका लागि आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।

८५) नगरक्षेत्र भित्रका इच्छुक कर्मचारी, शिक्षक, शिक्षिका, सामाजिक परिचालक, सञ्चारकर्मी लगायतका व्यक्तिहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) प्रदान गरी विद्यालय तह एवम् समुदायस्तरमा बालमैत्री स्थानीय शासनका विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

८६) नगरपालिका क्षेत्र भित्रका उद्यम गर्न चाहने महिला, दलित, अपाङ्गगता भएका व्यक्ति, विपन्न नागरिकहरुको बिवरण सङकलन गरी उनीहरुलाई क्रमशः उद्यमशीलता विकास र स्वरोजगारका लागि सीपमूलक तालिम, प्रविधि हस्तान्तरण, बिउ पुँजी र सहुलियतपूर्ण कर्जा उपलब्ध गराई व्यवसायसँग जोडिनेछ ।

८७) हिंसा पीडित महिलाहरुका लागि सञ्चालनमा रहेको अल्पकालीन सेवा केन्द्रलाई (Safe House) अझ प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

८८) जेष्ठ नागरिकहरु बीच अन्तरक्रिया, भलाकुसारी, मनोरञ्जन, ज्ञान, सीप, र अनुभवको पुस्तान्तरण गर्ने थलोको रुपमा प्रयोग गर्ने गरी नगरका सबै वडाहरुमा क्रमशः जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिनेछ ।

८९) सम्बन्धित वडाको संयोजनमा नगरभित्रका सवै जेष्ठ नागरिकहरुलाई पालैपालो तीर्थाटन गराउन **वडा अध्यक्ष श्रवण कुमार** कार्यक्रम ल्याइनेछ ।

९०) सार्वजनिक यातायातलाई महिला तथा अपाङ्गमैत्री बनाउन पहल गरिनेछ ।

९१) घरेलु हिंसा, लैङ्गिक तथा यौनिक हिंसा, छुवाछुत जस्ता सामाजिक कुरिती हटाउन सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९२) जेष्ठ नागरिकका लागि धौलागिरी अञ्चल अस्पताल तथा बागलुङ नगर अस्पतालमा आवश्यक संख्यामा शैया आरक्षणको व्यवस्था मिलाइनेछ ।

९३) सामाजिक सुरक्षा भत्ता एवं बाल संरक्षण अनुदान वितरण, अनुगमन तथा अनलाईन प्रतिवेदन प्रणालीलाई सहज एवम् सुदृढ बनाइनेछ ।

९४) दलित, आदिवासी, जनजाति, मुस्लिम, र पिछडा वर्गका समुदायलाई सशक्तीकरण कार्यक्रम सञ्चालन र लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।

९५) आदिवासी जनजातिहरुको संस्कृति, परम्परा र मौलिकताको संरक्षण र सम्बर्धन गर्न जनजाति सङग्रहालय स्थापना गरिनेछ ।

९६) अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता सहायता सामग्री वितरण गरिनेछ । नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक संरचना अपाङ्गमैत्री बनाउन समन्वय र सहजीकरण गरिनेछ ।

९७) अपाङ्गता सम्बन्धी सबै संघ संस्थाको लागि एकै स्थानमा कार्यालय भवन व्यवस्थापन गर्न पहल गरिनेछ ।

९८) जेष्ठ नागरिक संघ, एकल महिला संघ लगायतका सामाजिक संघ संस्थाका कार्यालय भवनको लागि पहल गरिनेछ ।

## पूर्वाधार विकास

९९) नगरपालिकाको कार्यालय व्यवस्थापनका लागि व्यवस्थित एवं सुविधा सम्पन्न कार्यालयको व्यवस्था गरिनेछ ।

१००) आफ्नै कार्यालय भवन नभएका सबै वडाहरुको क्रमशः कार्यालय भवन निर्माण गरिनेछ ।

१०१) सबै वडाहरुको सन्तुलित विकास हुनेगरी **एक वडा एक नमुना पूर्वाधार** विकास कार्यक्रम सञ्चालन गर्ने नगरस्तरीय विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नगरका महत्वपूर्ण योजना कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसंग अनुरोध गरिनेछ ।

१०२) निरयघाटमा निर्माणाधीन मानवसेवा आश्रम र वृद्धाश्रम निर्माणको पूर्णता र आधुनिक दाह संस्कारगृह निर्माण गरिनेछ ।

१०३) कुश्मा नगरपालिकासंगको सहकार्यमा कालीगण्डकी नदीको निरयघाट देखि काठेखोला दोभानसम्मको क्षेत्रमा धार्मिक पुर्वाधार निर्माण गुरु योजना तयार गरी दर्शनीय स्थलको रुपमा विकास गरिनेछ ।

१०४) संघ र प्रदेश सरकार संगको साझेदारी र सहयोगमा नगरका सबै वडा केन्द्रसम्म क्रमशः पक्की सडक निर्माण गरिनेछ । मूलपानी-ढिकीचौर-तितौरे सडकलाई भित्री चक्रपथ र मालढुङ्गा, नारायणस्थान, पैँयुपाटा, अमलाचौर, रायडाँडा, सिगाना र खहरेलाई बाह्य चक्रपथको रुपमा विकास गरिनेछ । पर्यटन प्रवर्धनका लागि भैरवस्थान, मुलावारी, भकुण्डे, रायडाँडा, बौडेचौर, गाजादह क्षेत्रमा साइकल मार्गको निर्माण गर्न पहल गरिनेछ ।

१०५) सङ्घीय सरकारको सहयोगमा बागलुङ बजारक्षेत्रमा भूमिगत ढल निर्माण परियोजना यसै वर्षदेखि नै कार्यान्वयन शुरु गरी समयमै निर्माण सम्पन्न गर्न सहयोग र सहजीकरण गरिनेछ ।

१०६) दक्षिण बागलुङलाई जोड्ने कालीगण्डकी करिडोर र बागलुङ-कुश्मिसेरा सडक खण्डमा पर्ने एक्लेसाल र दब्ल्याङको पहिरोको समस्या स्थायी रुपमा समाधान गर्न पहल गरिनेछ ।

१०७) बागलुङ बजारलाई पश्चिम क्षेत्रसँग जोड्ने मुख्य नाकाको रुपमा रहेको देउराली चोक र नारायण चोक क्षेत्रको सडकलाई विस्तार तथा व्यवस्थित गर्न पहल गरिनेछ । उक्त स्थानमा रहेका संरचनाहरु हटाउनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१०८) नगर क्षेत्रभित्र रहेका सरकारी, सार्वजनिक तथा निजी क्षेत्रको उपयुक्त जग्गामा सपिङ कम्प्लेक्स सहितको बहुउद्देश्यीय भवन निर्माण गरी नगरपालिकाको आन्तरिक श्रोत अभिवृद्धि गर्न पहल गरिनेछ । उद्योग वाणिज्य संघ संगको सहकार्यमा बागलुङ बजार क्षेत्रमा सि सि क्यामरा जडान गरिनेछ ।

१०९) निजी क्षेत्रसँगको सहकार्य र सरोकारवालाहरुको परामर्शमा उपयुक्त स्थानहरु पहिचान गरी केवलकार, सपिङ कम्प्लेक्स सहितको सिटिहल तथा स्विमिङ्ग पुल लगायतको पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।

११०) नगर क्षेत्रभित्रका मुख्य तथा सहायक सडकहरुको क्रमश स्तरोन्नति गरिनेछ । सडक क्षेत्रमा हरियाली प्रवर्द्धन, सडक बत्ती, फुटपाथको व्यवस्था गरी सुरक्षित र आकर्षक बनाइनेछ ।

१११) नगर क्षेत्रभित्र निर्माण हुने सबै सार्वजनिक पूर्वाधार निर्माणलाई अपाङ्गमैत्री र बालमैत्री बनाउन पहल गरिनेछ ।

११२) बागलुङदेखि बलेवा विमानस्थल सम्मको सडक कालोपत्रे गरी सम्बन्धित सरोकारवालाहरुको सहयोग र सहकार्यमा विमानस्थल सञ्चालन गर्न पहल गरिनेछ ।

११३) आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित निकायसंगको समन्वयमा गुरुयोजना बमोजिम बाङ्गेचौर खेल मैदानमा सुविधा सम्पन्न रंगशाला र मालिका क्षेत्रमा जियोलोजिकल पार्क निर्माण कार्य अघि वढाईनेछ ।

११४) बा.न.पा ४ स्थित निर्माणाधीन दावगरा बसपार्कको निर्माण सम्पन्न गरी यथाशीघ्र सञ्चालनमा ल्याइनेछ ।

११५) बागलुङ जिल्लाको प्रवेशद्वार मालढुङ्गा पुल र बागलुङ प्रवेशद्वारमा रंगरोगन तथा लाइटिङ सिस्टमको जडान गरी आकर्षक बनाइनेछ । कालिका मन्दिरतर्फको भीरमा आकर्षक पुष्परोपण गरिनेछ । मालढुङ्गादेखि बागलुङ बजारसम्मको सडकलाई सुरक्षित, व्यवस्थित र आकर्षक बनाउन स्तरोन्नति र सौन्दर्यीकरण गरिनेछ ।

११६) मालढुङ्गा क्षेत्र र बागलुङ बजार क्षेत्रभित्र रहेको अव्यवस्थित होर्डिङ बोर्डहरुलाई हटाई व्यवस्थित गरिनेछ । बजार क्षेत्रको चोक सुधारलाई क्रमशः अघि बढाईनेछ ।

११७) बागलुङ बजार क्षेत्रभित्र विद्यमान ट्राफिक, पार्किङ तथा अव्यवस्थित तारहरुको समस्यालाई सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा व्यवस्थापन गरिनेछ ।

११८) बैङ्क तथा वित्तीय संस्था, विभिन्न क्लब, होटल लगायतका निजी संस्थासंगको सहकार्यमा बागलुङ नगरपालिकाको बजार क्षेत्रभित्रको मुख्य स्थानहरुमा स्मार्ट शौचालय निर्माण गरी सञ्चालन गरिनेछ ।

११९) बागलुङ-बेनी सडक, मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करीडोर र अदालत चौतारी-तित्याङ-भकुण्डे-रायडाँडा सडकको निर्माण कार्य समयमै सम्पन्न गर्न आवश्यक समन्वय, सहजीकरण र सहयोग गरिनेछ ।

१२०) नगरपालिकाको आन्तरिक श्रोतबाट सम्वोधन गर्न नसकेका नगरका महत्वपूर्ण आयोजनाहरुको **आयोजना बैङ्क** तयार गरी स्वीकृत गरिनेछ ।

१२१) नगरको विकास र समृद्धिमा योगदान दिने महत्वपूर्ण योजनाहरुको सम्भाव्यता अध्ययन गरी संघ र प्रदेश सरकारको सहयोगमा गौरवका आयोजनाको रुपमा अघि बढाइनेछ ।

**खानेपानी तथा सरसफाइ**

१२२) नगर क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी आयोजनाहरुलाई यथाशक्य छिटो सम्पन्न गर्न समन्वय, सहजीकरण गरिनेछ ।

१२३) नगरपालिका भित्र सञ्चालनमा रहेका नगर खानेपानी आयोजना लगायत सबै खानेपानी व्यवस्थापनको गुणस्तर सुधार लगायतका समग्र खानेपानी व्यवस्थापनमा सहयोग, सहजीकरण र नियमनको लागि आवश्यक कानून तर्जुमा गरिनेछ ।

१२४) खानेपानीको सेवा नपुगेका सबै वडा र बस्तीहरुमा क्रमशः शुद्ध खानेपानीको सुविधा पुऱ्याउन **एक घर एक धाराको** व्यवस्था गरिनेछ ।

१२५) बागलुङ नगरपालिकाको फोहोर व्यवस्थापनलाई तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई वैज्ञानिक रुपमा व्यवस्थापन गरिनेछ । फोहोर व्यवस्थापनमा सार्वजनिक निजी साझेदारीको अवधारणा ल्याइनेछ ।

१२६) हाल सञ्चालनमा रहेको डम्पिङ साइटको उचित व्यवस्थापन गरी सञ्चालन गरिनेछ । फोहोरमैलाको दीर्घकालीन व्यवस्थापको लागि छिमेकी पालिकाहरु कुश्मा नगरपालिका, जलजला गाउँपालिका र बेनी नगरपालिकासंगको संयुक्त व्यवस्थापनमा आधुनिक फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र सञ्चालनको लागि पहल गरिनेछ । बलेवा क्षेत्रमा अस्थायी डम्पिङ साइटको व्यवस्था गरिनेछ ।

१२७) **नगाडौं, नबालौं, नफालौं, जँहाबाट आएको हो त्यहीं पठाउँ** भन्ने अभियान सहित फोहोरलाई स्रोतमा नै वर्गीकरण गरी कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई कौसि खेती वा करेसावारीमा प्रयोग गर्न, नकुहिने फोहोरको पुन प्रयोग गर्न र हानिकारक फोहोरको उचित व्यवस्थापन गर्न सचेतनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२८) बागलुङ बजारक्षेत्रको सतह नालीको सरसफाई र नगरपालिकाको मुख्य तथा सहायक सडकहरुको नियमित मर्मत तथा सरसफाई गर्न आवश्यक जनशक्ति परिचालन गरिनेछ ।

**समन्वय र सहकार्य**

१२९) फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, साझा पूर्वाधार निर्माण, सडक सञ्जाल, कानून तर्जुमा, कर निर्धारण, भवन निर्माण मापदण्ड, स्थानीय दररेट लगायतका साझा सरोकारका विषयहरुमा गरिने निर्णयमा एकरुपता ल्याउनको लागि अन्तरपालिका समन्वय संयन्त्र निर्माण गरी क्रियाशील गराउन पहल गरिनेछ ।

१३०) नगरक्षेत्रभित्र सञ्चालन हुने विकास आयोजना कार्यान्वयनको गुणस्तर कायम गर्न, योजना तथा कार्यक्रममा दोहोरोपनाको जोखिम न्यूनीकरण गर्न संघ, तथा प्रदेश कार्यालय र गैर सरकारी संस्थासंग समेत नियमित समन्वय गरिनेछ ।

१३१) नगरपालिका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न चाहने गैर सरकारी संस्थाहरुले आफ्नो प्रस्तावित कार्यक्रम तथा बजेट नगरपालिकाको वार्षिक वजेटमा समावेश गराउनु पर्ने कानूनी व्यवस्थालाई कडाइका साथ लागु गरिने छ ।

१३२) अन्तरपालिका असल अभ्यासको आदान प्रदान, स्थानीय सरकारको संस्थागत विकास र अन्तरपालिका समन्वयलाई प्रभावकारी वनाउन **एक प्रदेश एक पालिका** र अन्तराष्ट्रिय स्थानीय सरकारसंग भगिनी सम्बन्ध कायम गरिनेछ ।

१३३) नगरक्षेत्र भित्र रहेका टोल विकास संस्थाहरुको नगरस्तरीय सञ्जाल गठन गरी उक्त सञ्जाल मार्फत टोल विकास संस्थाको क्षमता विकास गरिनेछ । टोल विकास संस्था मार्फत टोल स्तरका आयोजना कार्यान्वयन, फोहोर व्यवस्थापन, सामाजिक सचेतना जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास

१३४) नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउने निर्देशिका २०७९ को प्रभावकारी कार्यान्वयन गरी सेवा प्रवाहलाई सरल, सहज, जवाफदेही, जनमुखी, सेवाग्राहीमैत्री बनाउन कार्यालयको भौतिक पूर्वाधार र सेवा प्रवाह प्रणालीलाई व्यवस्थित गरिनेछ । सेवाग्राहीको सुविधाको लागि सेवाग्राही सहायता कक्ष सहितको फ्रन्ट डेस्क सञ्चालन गरिनेछ । नगरपालिकाका काम कारवाहीहरुलाई प्रविधिमैत्री बनाउदै क्रमशः फेसलेश र पेपरलेश बनाइनेछ । बहिरा, अपाङ्गता भएका सेवाग्राहीहरुको सहजताको लागि नगरपालिकाका सम्बन्धित कर्मचारीहरुलाई दोभाषे तालिम प्रदान गरिनेछ । नगरपालिकाबाट प्रदान गरिने बढी भन्दा बढी सेवालाई क्रमशः वडाबाट प्रदान गरिने व्यवस्था मिलाइनेछ ।

१३५) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रमुखसंग, शाखा प्रमुख र वडा सचिवहरुले प्रमुख प्रशासकीय अधिकृतसंग उपलब्धि सूचक सहितको कार्य सम्पादन सम्झौता गरी कार्यान्वयन गरिनेछ ।

१३६) नगरपालिकाको संगठन व्यवस्थापन तथा सर्भेक्षण (O&M Survey) गरी नगरपालिकाको सङगठन संरचनालाई उपयुक्त र प्रभावकारी बनाइनेछ । शाखा प्रमुख तथा वडा सचिवहरुलाई अधिकृतमुखी बनाइनेछ । नगरपालिकाका कर्मचारीहरुले स्वेच्छिक अवकाश लिन चाहेमा त्यस्ता कर्मचारीहरुको लागि स्वेच्छिक अवकाश योजना (VRS) ल्याईनेछ ।

१३७) प्रत्येक पदको कार्यविवरण र प्रत्येक सेवाको SOP (Standard Operation Procedure) निर्माण गरिनेछ । कार्यसम्पादन सम्झौताको उपलब्धिको आधारमा कर्मचारीको मूल्याङ्कन गरिनेछ । कर्मचारीहरुलाई उच्च मनोबलका साथ आफ्नो जिम्मेवारी पूरा गर्न उत्प्रेरणा र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमण लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । कर्मचारी प्रशासनमा कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ । भ्रष्टाचारशून्य सहनशीलताको नीति अवलम्वन गरी सुशासनको प्रत्याभूति गरिनेछ ।

१३८) योजना व्यवस्थापन र सेवा प्रवाहको सम्बन्धमा सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, ग्राहक सन्तुष्टि सर्वेक्षण, सुझाव तथा गुनासो सङकलन जस्ता सुशासनका औजारहरुको अधिकतम उपयोग गरिनेछ ।

१३९) नगरवासीको जनप्रतिनिधिसंग निरन्तर र जीवन्त सम्बन्ध कायम राख्न र नगरवासीका गुनासा र मागको सुनुवाइ गरी सम्बोधन गर्न **नगरवासीसंग नगरप्रमुख** कार्यक्रम सञ्चालन गरिनेछ ।

१४०) विकास आयोजनाहरुको कार्यान्वयन, गुणस्तर कायम, कार्यान्वयन तहका समस्या समाधान लगायतका आयोजना व्यवस्थापनमा सहयोग पुऱ्याउन योजना अनुगमनलाई प्रभावकारी बनाइनेछ । योजना अनुगमनमा प्रतिनिधिमूलक रुपमा सम्बन्धित विज्ञ, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिलाई समेत सहभागी गराईनेछ ।

१४१) नगरपालिकाको वृहत् नगरविकास योजना निर्माणलाई समयमै सम्पन्न गरिनेछ । आगामी आ.व.को पहिलो ६ महिनाभित्र नगरको आवधिक योजना तयार गरिनेछ । नगरको समग्र वस्तुस्थिति झल्किने गरी डिजिटल नगर प्रोफाइल तयार गरिनेछ ।

१४२) योजना सम्झौता, अपाङ्गगता, ज्येष्ठ नागरिक परिचय पत्र वितरण, माटो परीक्षण, स्वास्थ्य परीक्षण, पशु सेवा जस्ता सेवाहरु वडास्तरबाट प्रदान गर्न घुम्ती सेवा शिविरको आयोजना गरिनेछ ।

**<u>आवास, भवन, वस्ती तथा शहरी विकास</u>**

१४३) नगरपालिकाको भू-उपयोग नीति तयार गरिनेछ । **हाम्रो आफ्नै गाउघर, सुविधा सम्पन्न सहर** भन्ने नाराका साथ बागलुङ नगरपालिकाको वडा नं १४ को नारायणस्थानको कैया, वडा नं १२ को उपल्लो सरङ्गी र तल्लो सरङ्गी तथा वडा नं १३ को पैंयुपाटाको दम्कादेखि नारायणस्थानसम्मको तल्लो भागलाई समेटी सहरी विकास मापदण्ड अनुसार व्यवस्थित सहरको रुपमा विकास गरिनेछ । यस क्षेत्रमा बन्ने संरचना र घरहरुको डिजाइन आर्किटेक्ट तथा भवन पूर्वाधार एकै प्रकृतिको, नमुनायुक्त, भूकम्प प्रतिरोधी, वातानुकुलित र खुला एवं प्राकृतिक तथा प्रदेशकै नमुना गाउँ हुने गरी कार्य प्रारम्भ गरिनेछ ।

१४४) भवन निर्माण मापदण्ड परिमार्जन गरी कडाइका साथ लागु गरिनेछ । नक्सापास गर्ने प्रयोजनको लागि व्यक्तिगत रुपमा माटो परीक्षण गर्ने व्यवस्थालाई परिमार्जन गरी नगरपालिकाबाटै नगरभित्रका आवासीय क्षेत्रहरुको क्षेत्रगत रुपमा भूबनोटको अध्ययन र माटो परीक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा भवन डिजाइन कोड जारी गरिनेछ । नक्सा पास गर्दा अनिवार्य रुपमा रिचार्ज पिट निर्माण गर्नु पर्ने व्यवस्था गरिनेछ । नगरक्षेत्र भित्रका सडक मापदण्ड वस्तुनिष्ठ र बैज्ञानिक रुपमा परिमार्जन गरी लागु गरिनेछ ।

१४५) बागलुङ नगरका घरहरुको आयु वृद्धि र सहरी सौन्दर्य वृद्धि गर्न नगर क्षेत्रभित्र रहेका घरहरु र पछि बन्ने घरहरुको बाहिरी भागहरुमा अनिवार्य रुपमा प्लास्टर गरी रंगरोगन गर्नुपर्ने व्यवस्था गरिनेछ । स्थानीय स्रोत साधनको प्रयोग गरी परम्परागत शैलीमा घर निर्माण गर्दा लाग्ने नक्सापास दस्तुरमा छुट दिइनेछ । नगरक्षेत्र भित्रका सबै सडकहरुमा क्रमशः सडक बत्ती जडान गरी उज्यालो बागलुङको अवधारणालाई कार्यान्वयनमा लगिनेछ ।

१४६) गरिब तथा विपन्न नागरिकहरुको जीर्ण भएको घरको छाना परिवर्तन गरी सुरक्षित छानामुनि ल्याउन कार्यविधि बनाएर कार्यान्वयनमा ल्याइनेछ । संघीय सरकारको खरको छानालाई टिनको छानाले विस्थापन गर्ने कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

१४७) परम्परागत गोलघर र शताव्दी पुरा गरेका घरहरुलाई मौलिक रुपमा मर्मत सम्भार गरी ऐतिहासिक सम्पदाको रुपमा अभिलेख राखी संरक्षण गरिनेछ ।

१४८) भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुको अभिलेख राखी निश्चित कार्यविधि र मापदण्ड बनाई व्यबस्थित गरिनेछ ।

१४९) नगर क्षेत्रभित्र घर तथा संरचना निर्माणमा संलग्न हुने सिकर्मी, डकर्मी र ठेकेदारहरुको अभिलेख राखी उनीहरुलाई भवन संहिता र भवन निर्माण मापदण्ड सम्बन्धमा अभिमुखीकरण गरिनेछ ।

१५०) बागलुङको पुरानो बजार क्षेत्रलाई ऐतिहासिक सम्पदा वस्तीको रुपमा विकसीत गर्न आवश्यक पहल गरिनेछ । यातायात व्यावसायी संघसँगको समन्वयमा बागलुङ नगरपालिका क्षेत्रभित्र नगर वस सञ्चालन गरिनेछ ।

१५१) नगरक्षेत्र भित्रका जोखिमयुक्त बस्तीको पहिचान गरी जोखिम बस्तीको रुपमा सीमाङकन गरिनेछ । यस्ता जोखिमयुक्त बस्तीमा रहेका घरहरुलाई सुरक्षित स्थानमा एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्न पहल गरिनेछ ।

१५२) नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुलाई प्रचलित कानुन बमोजिम ठेक्का पक्रियाबाट कार्यान्वयन गरिनेछ । श्रममूलक र साना योजनाहरु उपभोक्ता समिति र टोल विकास संस्थाबाट गराउन प्राथमिकता दिइनेछ । सार्वजनिक निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशालाको व्यवस्था गरिनेछ ।

१५३) स्वदेश तथा विदेशबाट आउने अतिथि, बागलुङ जिल्ला र छिमेकी जिल्लाका स्थानीय तहका पदाधिकारीलाई सुविधा पुग्ने गरी **बागलुङ अतिथि गृह** सञ्चालन गरिनेछ ।

१५४) नक्सापास प्रक्रियालाई आवश्यक पूर्वाधार पूरा गरी इलेक्ट्रोनिक बिल्डिङ्ग पर्मिट सिस्टम (EBPS) मा लगिनेछ ।

१५५) उपभोक्ता समितिबाट योजना कार्यान्वयन गर्दा राख्नु पर्ने २० प्रतिशत जनसहभागिता वापतको रकमलाई आगामी आ.व. बाट १५ प्रतिशत कायम गरिनेछ । विकास आयोजनाको कार्यान्वयनमा महिला नेतृत्वलाई प्रोत्साहन गर्न महिलाले नेतृत्व गरेका उपभोक्ता समिति वा टोल विकास संस्थाबाट योजना कार्यान्वयन गर्दा जनसहभागिता बापतको रकम १० प्रतिशत मात्र कायम गरिनेछ ।

**सञ्चार तथा सूचना प्रविधि**

१५६) नगरपालिकाका विकास गतिविधि, सेवा प्रवाह र सामाजिक परिचालन लगायतका नगरपालिकाबाट सम्पादन हुने कार्यहरुलाइ कार्यालयको वेबसाइट मार्फत प्रकाशन गरिनेछ । नगरपालिकाको गतिविधि र काम कारवाहीका सम्बन्धमा स्थानीय सञ्चारकर्मीहरुसंग नियमित अन्तरक्रिया गरिनेछ ।

१५७) स्थानीय सञ्चार माध्यम र सञ्चारकर्मीहरुको क्षमता विकासको लागी सहयोग गरिनेछ । पत्रकारिताको माध्यमबाट नगरको विकास र समृद्धिमा उत्कृष्ट योगदान गर्ने सञ्चारगृह र सञ्चारकर्मीलाई सम्मान गरिनेछ ।

१५८) नगरपालिकाको सेवा प्रवाहलाई क्रमशः सूचना प्रविधियुक्त बनाइनेछ ।

१५९) सम्बन्धित निकायसंगको समन्वय र साझेदारीमा नगरपालिका भित्रका मुख्य मुख्य सार्वजनिक स्थलहरुमा फ्रि वाइफाइको व्यवस्था गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१६०) नगरपालिका क्षेत्रभित्र सफा र दिगो उर्जाको प्रयोगलाई प्रवर्द्धन गरिनेछ । यसका लागि कार्यविधि र मापदण्ड बनाई बायोग्यास, वायोमास, विद्युतीय चुल्हो र सौर्य ऊर्जाको प्रयोगमा प्रोत्साहन गरिनेछ ।

१६१) नगरक्षेत्रमा हरियाली प्रवर्धनका लागि पितृकार्य (श्राद्ध) गर्दा प्रत्येक व्यक्तिले आफ्ना पितृको सम्झनामा एक जोडी वृक्ष रोपण गर्ने संस्कृतिको विकास गरी **संस्कारलाई वातावरणसंग जोड्ने अभियान** सञ्चालन गरिनेछ । नगर क्षेत्रभित्रका संघ संस्थाहरुको साझेदारीमा **एक संस्था एक पार्क** निर्माण गरिनेछ ।

१६२) नगरस्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गरिनेछ । अन्तरपालिका स्तरीय विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना निर्माण गर्न पहल एवं संयोजन गरिनेछ ।

१६३) विपद् व्यवस्थापन पूर्व तयारी, उद्धार, राहत र पुनर्निमाण तथा पुनर्स्थापनाका लागि विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ । सरोकारवालाहरुको सहभागितामा विपद् व्यवस्थापनको नमूना अभ्यास र तालिम सञ्चालन गरिनेछ ।

१६४) कालीगण्डकी सभ्यताको संरक्षण र सम्बर्धन गर्न सम्बन्धित सरोकारवालहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

१६५) नगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण ताल तलैया, कुवा, पोखरी लगायत प्राकृतिक जलाशयहरुको संरक्षण गरी जलाधार संरक्षणमा सहयोग पुऱ्याउन एक वडा एक पोखरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६६) नगरक्षेत्र भित्र रहेका वर, पिपल, स्वामी लगायतका वृक्षहरु र परम्परागत चौतारी, पोखरीको संरक्षण र सम्बर्धन गरिनेछ । आवास तथा खेतीयोग्य क्षेत्रमा रहेका अव्यवस्थित एवं जोखिमयुक्त झाडीहरु व्यवस्थापन गर्न सम्बन्धित जग्गाधनीहरुलाई आव्हान गरिनेछ ।

१६७) नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको सीमाङ्कन, लेखाङ्कन र अभिलेखीकरण गरी संरक्षण र उपयोग गरिनेछ । रामरेखा सामुदायिक वन लगायत अन्य सम्बन्धित क्षेत्रका सामुदायिक वनसंगको साझेदारीमा ढल प्रशोधन केन्द, फोहोर व्यवस्थापन केन्द्र, बाल उद्यान, जेष्ठ नागरिक दिवा सेवा केन्द्र लगायतका सामुदायिक पुर्वाधार निर्माण र सञ्चालन गरिनेछ ।

१६८) नगरपालिकाको वन क्षेत्र भित्र जडीबुटीको रोपण, सङकलन, व्यवस्थापनका लागि जडीबुटी अनुसन्धान तथा प्रशोधन कार्यक्रम ल्याइनेछ ।

१६९) नगरपालिकाभित्रका पहिरोको जोखिम रहेको सडक क्षेत्राधिकारभित्र बाँस, अम्रिसो लगायतका बिरुवा रोपी बायो इन्जिनियरिङ प्रविधिलाई प्रोत्साहन गरिनेछ । नगरका सडक आसपास रुख रोप्ने कार्यलाई प्रोत्साहन गरी ग्रिन रोडको अवधारणालाई कार्यान्वयन गरिनेछ ।

## राजश्व तथा कर नीति

१७०) नगरपालिकाको विद्यमान राजश्व तथा कर नीति र दरहरु वैज्ञानिक, वस्तुनिष्ठ, प्रगतिशील र करदातामैत्री बनाउने सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न **कर सुधार सुझाव कार्यदल**

गठन गरिनेछ । राजश्वको दरभन्दा दायरा बढाई नगर क्षेत्र भित्रका सबै करयोग्य क्षेत्रलाई करको दायरामा ल्याइनेछ ।

१७१) नगरपालिका क्षेत्रभित्र रहेका सबै व्यापार, व्यवसाय दर्ता गर्ने अभियान सञ्चालन गरिनेछ । हालसम्म नगरपालिकामा तिर्नु बुझाउनु पर्ने वक्यौता रहेका व्यक्तिहरु र व्यवसाय दर्ता नगरेका व्यक्तिहरुले २०७९ पौष मसान्त भित्र व्यावसाय दर्ता र कर चुक्ता गर्न आएमा **एक पटकको** लागि हालसम्मको जरिवाना बक्यौता मिनाह गरी व्यवसाय दर्ता गरिनेछ ।

१७२) व्यवसाय कर, घर बहाल कर लगायतका कर सङकलन र व्यवसाय दर्ताको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ । व्यवसाय दर्ता र कर सङकलनमा निजी क्षेत्रका संघ संस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ । स्थानीय तहको मुख्य आर्थिक आधार मानिएको आन्तरिक राजश्व अभिवृद्धिका लागि सम्भावित क्षेत्रहरुको खोजी एवम् विस्तार गरिनेछ ।

अन्त्यमा यस नीति तथा कार्यक्रम तर्जुमा कार्यमा योगदान पुऱ्याउनु हुने नगर उप प्रमुख, विषयगत समितिका संयोजकहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । त्यसै गरी नीति तथा कार्यक्रमका लागि सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, बागलुङ नगरपालिकाका निवर्तमान जनप्रतिनिधिहरु, विषयगत कार्यालय प्रमुखज्यूहरु, बागलुङ उद्योग वाणिज्य संघ लगायतका संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरु, सहकारी अभियन्ताहरु, गैह्र सरकारी संघ संस्थाहरुका प्रतिनिधिहरु, नागरिक समाज, पत्रकार लगायत सम्पूर्ण आदरणीय दाजुभाइ दिदी बहिनी, आमाबुबाहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । नीति तथा कार्यक्रमको मस्यौदा लेखनमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्दछु ।

जय बागलुङ !

(बसन्त कुमार श्रेष्ठ)
नगर प्रमुख

२०७९।३।९ गते